मा. मन्त्रीस्तरबाट स्वीकृत मिति: २०८०/०८/०१

# हरित विद्यालय कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०

**प्रस्तावना:** विद्यालय तह देखि कृषि तथा पोषण शिक्षाका आधारभूत पक्षको चेतना अभिबृद्धि गर्न र विद्यालयको उपयोग विहिन जग्गामा पौष्टिक फलफूलको उत्पादन गरी पर्यावरण तथा जैविक विविधता संरक्षण गर्न हरित विद्यालय कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न वाञ्छनिय भएकोले,

कृषि तथा पशुपन्छी विकास मन्त्रालयले विनियोजन ऐन, २०८० को दफा ९ को उपदफा (२) बमोजिम यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम, प्रारम्भ:** (१) यो कार्यविधिको नाम "हरित विद्यालय कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "कार्यक्रम" भन्नाले हरित विद्यालय कार्यक्रमलाई सम्झनु पर्छ।

(ख) "केन्द्र" भन्नाले कृषि विभाग मातहतको राष्ट्रिय फलफूल विकास केन्द्रलाई सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई सम्झनु पर्छ।

(घ) "विद्यालय" भन्नाले नेपाल सरकारबाट स्थापित सार्वजनिक तथा सामुदायिक लगानीमा सञ्चालित वा स्थापित विद्यालय सम्झनु पर्छ।

(ङ) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका, महानगरपालिकालाई सम्झनु पर्छ।

३. **लक्षित विद्यालय:** एक विद्यालय एक बगैंचा स्थापना गर्न इच्छुक सामुदायिक तथा सरकारी विद्यालयहरु यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रममा सहभागी हुन सक्नेछ।

४. **मुख्य कार्यक्रम:** यस कार्यविधि अन्तर्गत देहाय बमोजिमका कार्यक्रम सञ्चालन हुनेछन्:-

(क) **फलफूल बगैंचा स्थापना कार्यक्रम:** यस कार्यक्रम अन्तरगत विद्यालयले आफ्नै जग्गामा अनुसूची-२ मा उल्लेखित फलफूल बालीको बगैंचा स्थापना गर्न कार्यक्रम सञ्चालन गर्नेछ।

(ख) **पोषण शिक्षा तथा चेतना अभिबृद्धि कार्यक्रम:** विद्यार्थीहरुमा कृषि उत्पादन र पोषण शिक्षाको अन्तरसम्बन्ध र महत्व एवम् स्थानीय उत्पादनको सम्भावना तथा



सचिव

उपयोगको बारेमा जानकारी र चेतना अभिबृद्धिका लागि विद्यालयले यो कार्यक्रम सञ्चालन गर्नेछ।

५. **कार्यक्रमका क्रियाकलापहरु:** यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ:-

(१) **फलफूल बगैंचा स्थापना कार्यक्रम:** कार्यक्रम सञ्चालन हुने विद्यालयमा फलफूल बगैंचा स्थापनाका लागि तपसिल अनुसारका क्रियाकलाप सञ्चालन गर्न सकिनेछ।

(क) जग्गाको सरसफाई, बगैचा रेखाङ्कन गर्ने, बिरुवा रोप्न खाडल खन्ने, मल मिसाउने तथा पुर्ने, बिरुवा रोप्ने, टेका तथा छापो राख्ने,

(ख) फलफूल बिरुवा खरिद,

(ग) कृषि औजार/उपकरण (स्प्रेयर सिकेचर करौती),

(घ) सिंचाई पूर्वाधार निमार्ण र व्यवस्थापन (सिचाई पाईप पोखरी निर्माण (प्लाष्टिक पोखरी समेत),

(ङ) फलफूल बगैंचा बारबन्देज: बारबन्देजका लागि स्थानीय स्रोत सामाग्रीमा आधारित बायो/हरित बारबन्देजमा जोड दिनु पर्ने तथा यस कार्यमा स्थानीय तह, सामाजिक संघ संस्था तथा गैरसरकारी संस्थाहरूसँग समन्वय तथा सहजीकरण गर्न सक्ने।

(२) **पोषण शिक्षा तथा चेतना अभिबृद्धि:** कार्यक्रम सञ्चालन हुने विद्यालयले तपसिल अनुसारका क्रियाकलाप सञ्चालन गर्न सक्नेछ।

(क) कृषि र पर्यावरण संरक्षणको अन्तरसम्बन्ध र महत्व

(ख) फलफूल, रैथाने बाली, पशुजन्य उपज तथा यसको पोषण महत्व स्थानीयस्तरमा खेती गर्न सकिने फलफूल तथा रैथाने बालीहरु

(ग) फलफूल तथा रैथाने बालीको खेती सम्बन्धी जानकारी

(घ) फलफूल नर्सरी स्थापना तथा महत्व

(ङ) हरियो तथा डाले घाँसको उत्पादन बृद्धि तथा पर्यावरणमा महत्व

(च) गोठेमल/भकारो सुधार तथा व्यवस्थापन

(छ) हरियो मल, कम्पोष्ट मलको महत्व तथा बनाउने तरिका

६. **सूचना प्रकाशन तथा छनौट:** (१) कार्यक्रम सञ्चालनका लागि केन्द्रले कार्यक्रममा सहभागी हुन ईच्छुक विद्यालयबाट आवेदनका लागि सूचना प्रकाशन गर्नेछ ।

(२) सूचना प्रकाशन भएपछि तोकिएको समय सीमा भित्रमा अनुसूची-१ बमोजिमको हरित विद्यालय कार्यक्रम माग सम्बन्धी प्रस्ताव सम्बन्धित स्थानीय तहको सिफारिस सहित ईच्छुक विद्यालयले केन्द्रको ईमेल मार्फत आवेदन दिनु पर्नेछ।



सचिव

(३) केन्द्रले दफा ७ बमोजिमका मापदण्डका आधारमा छनौटका सूचकहरु बनाई कार्यक्रममा समावेश हुन योग्य विद्यायलको छनौट गरी कृषि विभाग मार्फत मन्त्रालयमा पेश गर्नेछ।

(४) कृषि विभागबाट प्राप्त छनौट भएका विद्यालयहरुका लागि मन्त्रालयले सम्बन्धित स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण मार्फत कार्यक्रम बजेट पठाउने छ।

७. <u>न्यूनतम मापदण्ड/प्रासङ्गिक बिषयः</u> यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रम छनौटका न्यूनतम आधार तथा मापदण्ड देहाय बमोजिम हुनेछ।

(क) यस कार्यक्रममा सहभागी हुन ईच्छुक सरकारी वा सामुदायिक विद्यालयलको आफ्नै स्वामित्वमा जग्गा हुनु पर्नेछ। यस कार्यक्रममा कृषि विषयको प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालन गर्ने विद्यालयलाई प्राथमिकता दिनु पर्नेछ।

(ख) प्रस्ताव छनौट गर्दा विद्यालय र स्थानीय तहको लागत साझेदारी तथा प्रतिबद्धता समेतलाई आधार लिनु पर्नेछ।

(ग) प्रस्ताव छनौट गर्दा एक विद्यालय एक फलफूल बगैंचा स्थापना कार्यक्रममा प्रस्ताव भएका फलफूल, भौगोलिक तथा प्राविधिक सम्भाब्यता एवम् व्यवस्थापकिय जटिलता आदि समेतलाई आधार बनाउनु पर्नेछ।

(घ) एक विद्यालय एक फलफूल बगैंचा स्थापनाका लागि विद्यालयसँग कम्तिमा १५ रोपनी वा २० कठ्ठा जग्गा आफ्नो स्वामित्वमा भएको हुनु पर्नेछ। यस कार्यक्रमको लागि विद्यालयले आफ्नो स्वामित्वमा रहेको जग्गा भाडामा दिन वा लिन पाउने छैन।

(ङ) दोस्रो बर्षदेखि बगैचा व्यवस्थापनको लागि आवश्यक बजेट व्यवस्थापनको जिम्मेवारी विद्यालयको हुनेछ र यस कार्यका लागि स्थानीय तह, सामाजिक संघ, संस्था तथा गैरसरकारी संस्थाहरुसँग समन्वय तथा सहजीकरण गर्न सक्नेछ।

(च) विद्यालयले स्थापित फलफूल बगैचालाई जिवित प्रयोगशालाको रुपमा उपयोग गर्ने नीति अंगिकार गर्नु पर्नेछ।

(छ) फलफूल बगैंचा स्थापनका गर्ने कार्य देखि लिएर बगैचाको नियमित संरक्षण, सम्वर्द्धन गर्ने कार्यमा विद्यार्थीहरुलाई सहभागी गराउनु पर्नेछ।

८. <u>कार्यक्रम सम्झौता तथा निकासा :</u> (१) यस कार्यविधि बमोजिम छनौट भएका विद्यालयले सञ्चालन गर्नुपर्ने क्रियाकलाप, लागत तथा सो को समयसारणी, विद्यालयले पालना गर्नुपर्ने शर्त, भुक्तानीका शर्त एवं विधि उल्लेख गरी स्थानीय तहले छनौट भएको विद्यालयसँग सम्झौता गर्नेछ।

(२) उपदफा (१) बमोजिम हुने सम्झौता अनुसार विद्यालयले कार्यक्रम सञ्चालन गर्नेछ र सम्झौतामा उल्लेखित शर्तको आधारमा विद्यालयलाई सम्बन्धित स्थानीय तहले कार्यसम्पादनका आधारमा विद्यालयलाई बजेट निकासा गर्नेछ ।



सचिव

९. **विवरण प्रकाशन गर्नुपर्ने:** (१) कार्यक्रम सञ्चालन गर्ने विद्यालयले सम्झौता बमोजिम कार्यसम्पादन विवरण अध्यावधिक गरी सूचना पाटी वा वेबसाइटमा प्रकाशन गर्नु पर्नेछ ।

(२) विद्यालयले त्रैमासिक रुपमा सम्बन्धित स्थानीय तहलाई प्रगति विवरण पठाउनु पर्नेछ ।

१०. **अनुगमन र मूल्याङ्कन:** (१) अनुदानग्राहीको अनुगमन संघीय, प्रादेशिक तथा स्थानीय तहका सम्बन्धित निकायहरुबाट संयुक्त वा आवश्यकता अनुसार छुट्टाछुट्टै हुन सक्नेछन्। यसरी भएको अनुगमनको क्रममा दिईएको मौखिक वा लिखित निर्देशन पालना गर्नु कार्यक्रम सञ्चालन हुने विद्यालयको कर्तव्य हुनेछ।

(२) स्थानीय तहले कार्यक्रम सञ्चालन भएको विद्यालयको अनुगमन गरी अर्धवार्षिक रुपमा प्रतिवेदन केन्द्रलाई पठाउनु पर्नेछ ।

(३) केन्द्रले नमुनाको रुपमा लाभग्राही विद्यालयको स्थलगत अनुगमन गरी स्थानीय तहको प्रतिवेदन समेत समावेश गरेर अर्धवार्षिक प्रगति प्रतिवेदन कृषि विभाग र मन्त्रालयमा पठाउनु पर्नेछ ।

११. **प्रचलित कानून बमोजिम कारवाही हुने:** यस कार्यक्रम अन्तरगत प्राप्त हुने बजेट दुरुपयोग गरेको पाइएमा वा रकमको हिसाब नबुझाएमा त्यस्ता लाभग्राहीलाई प्रचलित कानुन बमोजिम कारबाही गरी असुल उपर गरिनेछ।

सचिव

अनुसूची -१
(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

**हरित विद्यालय कार्यक्रम माग सम्बन्धी प्रस्ताव ढाँचा**

१. विद्यालय सम्बन्धी जानकारी

| विद्यालयको नाम | ठेगाना सम्पर्क व्यक्ति सम्पर्क नम्वर | विद्यालयको प्रकार | | विद्यालयको तह | प्राविधिक वा व्यवसायिक शिक्षा अध्यापन भएको भए विषय उल्लेख गर्ने | प्राविधिक वा व्यवसायिक शिक्षाका जम्मा विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|
| | | सरकारी | सामुदायिक | | | |
| | | | | | | |
| | | | | | | |

२. विद्यालयमा कृषि प्रशिक्षक सम्बन्धी जानकारी

| प्रशिक्षकको नाम | ठेगाना | प्रशिक्षकको शैक्षिक योग्यता | शैक्षिक योग्यताको क्षेत्र | शिक्षण अनुभव |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

* *प्रशिक्षकको शैक्षिक योग्यता तथा अनुभवसँग सम्बन्धित प्रमाणपत्र (शैक्षिक योग्यता, शुरु नियुक्ति पत्रको प्रतिलिपि संलग्न गर्नुपर्ने ।*

३. फलफूल बगैचा स्थापना तथा व्यवस्थापन कार्ययोजना

| क. फलफूल बगैचा क्षेत्रफल | |
|---|---|
| बाली | क्षेत्रफल (रोपनी/कठ्ठा ) |
| | |
| | |
| | |

सचिव

ख. सञ्चालन हुने क्रियाकलाप

| क.स. | क्रियाकलाप | महिना/हप्ता | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## ४. फलफूल बगैचा स्थापना हुने क्षेत्रको जग्गा तथा हावापानी सम्बन्धी विवरण

*(यस अन्तर्गत जग्गाको प्रकार, जग्गाको स्वामित्व तथा सोसँग सम्बन्धित कागजात, माटोको प्रकार, मलिलोपना, सिचाई तथा निकास, भौगोलिक क्षेत्र तथा हावापानी जस्ता पक्ष संलग्न गर्ने साथै छानिएका बाली वस्तुको उक्त क्षेत्र, जमिन तथा हावापानीमा उपयुक्तता खुलाउने)*

## ५. स्थापित फलफूल बगैचामा बारबन्देज तथा बिरुवाको स्याहारसंभार योजना

*(यस अन्तर्गत बारबन्देज कसरी गर्ने तथा के को गर्ने, जम्मा अनुमानित लागत, लागत साझेदारी कसरी जुटाउने जस्ता पक्ष/ बिरुवाको स्याहारसंभार योजना पेश गर्नुपर्ने)*

## ६. अनुमानित लागत तथा साझेदारीको विवरण

| क.स. | क्रियाकलाप | जम्मा अनुमानित लागत | लागत साझेदारी गर्ने निकाय तथा स्रोत | कैफियत |
|---|---|---|---|---|
| क. | फलफूल बगैचा स्थापना सम्बन्धी क्रियाकलाप | | | |
| ख. | बारबन्देज तथा बिरुवाको स्याहार संभार सम्बन्धी क्रियाकलाप | | | |
| ग. | पोषण शिक्षा तथा चेतना अभिबृद्धि सम्बन्धी क्रियाकलाप | | | |

## ७. अन्य विवरण केहि भए उल्लेख गर्ने ।

सचिव

मा. मन्त्रीस्तरबाट स्वीकृत मिति: २०८०/०८/०१

अनुसूची-२

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

**बगैचा स्थापना तथा पूर्वाधार निर्माणका लागि उपलब्ध हुन सक्ने अधिकतम बजेट**

| क. सं. | बाली | प्रति रोपनी बगैचा स्थापना तथा तरकारी खेतीका लागि उपलब्ध गराउन सक्ने अधिकतम रकम (हजारमा) |
|---|---|---|
| १ | स्याउ | १५ |
| २ | उच्च घनत्वको स्याउ | ३२ |
| ३ | सुन्तला र जुनार | १५ |
| ४ | किवि | ५८ |
| ५ | एभोकाडो | १६ |
| ६ | ओखर | १४ |
| ७ | कागती | २० |
| ८ | आलमण्ड | २४ |
| ९ | पिकानट | १४ |
| १० | मेकाडेमिया नट | १९ |
| ११ | केरा | २२ |
| १२ | आँप | १४ |
| १३ | लिचि | १४ |
| १४ | मेवा | १९ |
| १५ | अनार | १४ |

सचिव



CamScanner